# नेपाली राजदूतावास, अबुधाबी

Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np


*Ref.*

## <u>विवाह दर्तासम्बन्धी अधिकृत वारिसनामा प्रमाणीकरण सम्बन्धी सूचना</u>

यस राजदूतावासबाट विवाह दर्तासम्बन्धी अधिकृत वारिसनामा प्रमाणित गर्न आउँदा देहायबमोजिमका कागजातहरू अनिवार्य रूपमा पेस गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गर्दछौं।

- नेपाली कागजमा रीतपूर्वक सफासँग लेखिएको अधिकृत वारिसनामाको लिखत थान-२ ।
- नेपाली राजदूतावास, अबुधाबीलाई सम्बोधन गरी नेपाली कागजमा लेखिएको निवेदन लिखत थान-१ ।
- अधिकृत वारिसनामा दिने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल वा राहदानीको सक्कल र दुबैको प्रतिलिपि।
- अधिकृत वारिसनामा लिने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको Notarized प्रतिलिपि।
- विवाह भएको मिति भन्दा एक दिन अगाडिसम्मको सम्बन्धित वडा कार्यालयबाट जारी गरिएको र कन्सुलर सेवा विभाग, त्रिपुरेश्वरबाट प्रमाणित गरिएको दुबै व्यक्तिको अविवाहित प्रमाणपत्र (Single/Unmarried Certificate)।
- अधिकृत वारिसनामा दिने व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो थान-२ ।
- अधिकृत वारिसनामा दिने व्यक्तिको युएईको वैध भिसाको प्रतिलिपि।
- अधिकृत वारिसनामा दिने व्यक्तिको अबुधाबी इमिरेट्स वा अन्तर्गतका क्षेत्रको Emirates ID र सोको प्रतिलिपि।
- साक्षी बस्ने दुबै जना व्यक्तिको नागरिकता प्रमाणपत्रको Notarized प्रतिलिपि।
- अधिकृत वारिसनामा तयार गर्ने अधिवक्ताको परिचयपत्रको Notarized प्रतिलिपि।

नेपाली राजदूतावास,
अबुधाबी
३१ जुलाई २०२६